annapurnapost.com

# अन्नपूर्ण

वर्ष २३, अंक २८३ पृष्ठ ८ | काठमाडौं, आइतबार ४ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४५ | SUNDAY, FEBRUARY 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ

कभर स्टोरी

# मधुमेहको महामारी, यसरी पाइन्छ छुटकारा



**मधुमेह अर्थात् सुगर रोग नेपालीको साझा रोग जस्तै बन्न थालेको छ। घर–घरै यसका बिरामी छन्। जुनसुकै उमेरका व्यक्तिमा पनि देखा पर्न थालेपछि यो एक प्रकारको महामारी जस्तै बन्दै छ। अर्कोतिर, अनियन्त्रित मधुमेहले हृदयघात, पक्षघात, मिर्गौलामा खराबी, अन्धोपन र अरू थुप्रै समस्याहरू ल्याउँछ। त्यसैले समयमै यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी कदम चाल्नुपर्ने जरुरी छ।**

**डा. प्रसिद्ध ढकाल**
**– को विशेष आलेख**

पृष्ठ २




**लक्षणहरू:**

- तौल घट्नु
- धेरै प्यास लाग्नु
- मुख सुक्खा हुनु
- धेरैपल्ट पिसाब लाग्नु
- धेरै भोक लाग्नु
- गुप्तांग वा पिसाबको सङ्क्रमण भइरहनु
- पिसाब फेरेको ठाउँमा कमिलाहरू देखा पर्नु
- शरीरमा घाउ–खटिराहरू आइरहनु र चाँडो निको नहुनु
- आँखा धमिलो देख्नु
- धेरै थकान महसुस गर्नु




आइतबारको अनुमानित अधिकतम र न्यूनतम तापक्रम (सेल्सियसमा)

| | | |
|---|---|---|
| धनगढी | २२° | ९° |
| जुम्ला | १४° | -१° |
| पोखरा | २०° | १०° |
| भैरहवा | २४° | १०° |
| काठमाडौं | १७° | ७° |
| जनकपुर | २५° | १०° |
| विराटनगर | २४° | १०° |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग*

# अर्थमन्त्रीको अनुहार, घाँटी र हातमा जलन, दुई दिन आईसीयूमै उपचार

**दिनेश गौतम** | *काठमाडौं*

उडाउन लागेको बेलुनमा आगो लागेर घाइते भएका उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको कीर्तिपुर अस्पतालको सघन उपचार कक्ष (आईसीयू) मा उपचार भइरहेको छ।

अर्थमन्त्री पौडेलको अनुहारका साथै घाँटी र दुवै हातको हत्केलाको माथिल्लो भागमा जलन भएको छ। कम्तीमा पनि ४८ घण्टा सघन उपचार कक्ष (आईसीयू) मा राखेर उपचार गरिने अस्पतालले जनाएको छ। उपचार टोलीका सदस्य डा. विशाल कार्कीले अर्थमन्त्री पौडेल र मेयर आचार्यले धुँवा निलेको र जलनको (घाउको) सम्भावित जटिलतालाई ध्यान दिई दुई दिनसम्म आईसीयूमै राखेर उपचार गरिने जानकारी दिए।

रिमोटबाट दीप प्रज्वलनपछि बेलुन उडाउने क्रममा निस्किएको आगोको भिल्कोले टिपेपछि शनिबार ठूलो आवाजसहित बेलुन पड्किएको थियो। बेलुन पडकए पछि उत्पन्न धुँवा अर्थमन्त्री पौडेल र मेयर आचार्यले निलेका कारण फोक्सोमा असर पर्न सक्ने भएकाले चिकित्सकहरूले उच्च निगरानीमा उपचार गर्नु परेको बताएका छन्। दुवैको स्वास्थ्य अवस्था भने सामान्य छ।

अस्पतालका निर्देशक डा. किरण किशोर नकर्मिका अनुसार, मन्त्री पौडेलको अनुहारको भागमा ५/६ प्रतिशत जलन छ।

» बाँकी पृष्ठ ६



**कीर्तिपुर अस्पतालमा उपचारका क्रममा उपप्रधान तथा अर्थमन्त्री पौडेल। त्यसअघि सिम्रिक हेलिकप्टरमार्फत पोखराबाट काठमाडौं आउने क्रममा।** • अन्नपूर्ण

## हाइड्रोजन भरिएका बेलुन जोखिमपूर्ण

मेला, महोत्सव र विभिन्न समारोहमा प्रयोग गरिने हाइड्रोजन भरिएका बेलुन जोखिमपूर्ण हुने विज्ञले बताएका छन्। हाइड्रोजन हल्का हुने भएकाले बेलुनमाथि उड्छ। यसैले धेरैजसो बेलुन भर्दा हाइड्रोजन प्रयोग हुने गरेको छ।

यही हाइड्रोजन ग्यास भरिएका बेलुन पड्कँदा पोखरा भ्रमण वर्ष २०२५ घोषणा कार्यक्रमको उद्घाटन कार्यक्रममा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य घाइते भएका हुन्।

हाइड्रोजनको सबैभन्दा नराम्रो पक्ष प्रज्वलनशील हुनु हो। वायुमण्डलमा भएका अक्सिवजनसँग रासायनिक प्रतिक्रिया दिने र पड्किने भएकाले यसको उपयोग गर्दा निकै नै सचेत रहनुपर्ने डिजास्टर विज्ञ सुमेरु त्रिपाठीले बताए।

# लेबनानमा शान्ति सेनामाथि आक्रमण, उपरथी ढकाल घाइते

**काठमाडौं** (अन्नपूर्ण) : लेबनानमा नेपाली शान्ति सेनामाथि आक्रमण भएको छ। शुक्रबार राति उत्तेजित भीडले बेरुतमा शान्ति सेनाका डेपुटी फोर्स कमान्डर एवं नेपाली सेनाका उपरथी चोकबहादुर ढकालसहित सुरक्षाकर्मी सवार सवारी साधनमा आक्रमण गरेको नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

निर्देशनालयका अनुसार आक्रमणबाट उपरथी ढकाल घाइते भएपश्चात 'यूएन लेभल-३' अस्पतालमा पुऱ्याइएको थियो। अस्पतालले उनको स्वास्थ्य जोखिममुक्त रहेको जनाएको छ। उपरथी ढकाल कार्यकाल पूरा गरी स्वदेश फर्कने क्रममा रहेको सेनाले जनाएको छ।

घटनाका सम्बन्धमा युनिफिल मिसन मुख्यालयले प्रेस विज्ञप्ति जारी गर्दै दक्षिणी लेबनानमा सुरक्षा र स्थिरता स्थापना गर्न सेवा गरिरहेका शान्ति सैनिकमाथि भएको आक्रमणबाट स्तब्ध भएको जनाएको छ। शान्ति सैनिकमाथि भएको आक्रमणको निन्दा गर्दै संयुक्त राष्ट्रसंघले लेबनान सरकारलाई घटनाको तत्काल अनुसन्धान गरी आवश्यक कारबाहीको माग गरेको छ।




कोशी सरकारका ७ वर्ष

# ९ सरकार, ६ मुख्यमन्त्री

**किशोर बुढाथोकी** | *विराटनगर*

कोशी प्रदेशमा सरकार गठन भएको शनिबार ७ वर्ष पुगेको छ। पहिलोपटक ०७४ साल फागुन ३ गते सरकार गठन भएको थियो। प्रदेशको पहिलो मुख्यमन्त्री फागुन २ गते नियुक्त भएका थिए। कोशी प्रदेश सरकारले ७ वर्षको उपलब्धि सार्वजनिक गरेको छ। उपलब्धिअनुसार पछिल्लो ७ वर्षमा ७५ वटा कानुन निर्माण भएका छन्। आर्थिक वर्ष ०७४-०७५ देखि ०८०-८१ सम्म प्रदेशका लागि २ खर्ब २९ अर्ब बजेट विनियोजन भएको थियो। चालु आर्थिक वर्षका लागि ३५ अर्ब २७ करोड ९३ लाखको बजेट छ।

७ वर्षको अवधि (२०७४ फागुनदेखि ०८१ असारसम्म) १ खर्ब ६८ अर्ब ३९ करोड बजेट प्रदेशले खर्च गरेको छ। जसमध्ये पुँजीगत खर्च



९६ अर्ब ६९ करोड हो। स्थानीय तहमा २३ अर्ब १० करोड अनुदान हस्तान्तरण गरेको थियो।

०७४-०७५देखि ०८१-०८२ को पहिलो त्रैमाससम्म ४ सय ५३ किलोमिटरका बहुवर्षीय सडक, १ हजार ३ सय ९० किलोमिटर ग्राभेल र ६ सय ८ किलोमिटर सडक कालोपत्रे भएको छ। सोही अवधिमा ९३ वटा पक्की पुल र २ सय २२ वटा झोलुंगे पुल पनि निर्माण भएका छन्।

प्रदेश सरकारका अनुसार १ सय १३ वटा सामुदायिक भवन, २८ वटा सरकारी भवन, १६ वटा एकीकृत वस्ती निर्माण भएको छ। जनता आवास कार्यक्रमअन्तर्गत ७ हजार २ सय ८४ वटा घर निर्माणसहित २ वटा भ्यू टावरलगायतका संरचना बनेका छन्।

संघीय सरकारले अहिलेसम्म प्रदेशलाई प्रहरीको अधिकार हस्तान्तरण गरेको छैन। तर, कोशी सरकारले सुरक्षा निकायलाई सहयोग गर्नेदेखि प्रहरीको संरचना बनाइदिने तथा सवारीसाधन खरिद गरेर हस्तान्तरण गर्ने काम गरिरहेको छ। प्रदेश सरकारले ७ वर्षको अवधिमा सुरक्षा निकायको भौतिक संरचना निर्माणका लागि १ अर्ब १२ करोड बजेट खर्च गरेको छ। यो बजेटबाट ९७ वटा प्रहरी कार्यालयको भवन निर्माण भएका छन्। २ वटा निर्माणाधीन अवस्थामा छन्।

» बाँकी पृष्ठ ६